# व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) सम्बन्धी नागरिक बडापत्र

| सि.नं. | विषय | सेवाग्राहीले उपलब्ध गराउनुपर्ने कागजात | काम सम्पन्न हुने मिति | जिम्मेवार निकाय/व्यक्ति | उजुरी सुन्ने व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| १ | घटना दर्ताका विवरण सच्याउने | **जन्म दर्ता प्रमाणपत्रमा संशोधन**<br><br>**क) जन्म मिति सच्याउनको लागि :**<br><br>(१) परीक्षा नियन्त्रण कार्यालयको प्रवेशिका परीक्षाको लब्धाङ्कपत्र (लब्धाङ्कपत्र जारी भएको मिति ६ महिना नाघेको हुनुपर्ने।) र विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी वा<br>(२) अस्पतालमा जन्मेको बच्चाको हकमा अस्पतालले प्रदान गरेको जन्म प्रमाणपत्र वा<br>(३) नाबालिक परिचयपत्र वा<br>(४) नागरिकताको प्रमाणपत्र वा<br>(५) कुनै पनि प्रमाण खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय निकायको प्रतिनिधिको रोहवरमा कम्तीमा ५ जना नेपाली नागरिकता प्राप्त व्यक्तिको सर्जमिन मुचुल्का ( सर्जमिन मुचुल्का गर्नेहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।)<br><br>**ख) जन्म दर्तामा नाम संसोधनको लागि**<br><br>(१) बच्चाको नाम संशोधन गर्नुपरेमा आमा र बाबुको निवेदन वा बच्चा र बाबु-आमाको सम्बन्ध खुलेको अन्य कागजात वा प्रमाणपत्र ।<br><br>(२) नाम संशोधन गर्नु पर्ने व्यक्ति बालिग भएमा एस.एल.सी प्रमाणपत्र, विद्यालयको चारित्रिक प्रमाणपत्र वा बाबु आमासँग नाता खुल्ने अन्य आधिकारिक प्रमाणपत्र ।<br>(३) आमा-बाबु वा बाजेको नाम संशोधन गर्नुपरेमा<br>(क) सो सम्बन्धी आवश्यक कागजात नागरिकता, विवाह दर्ता प्रमाणपत्रमा वा एस.एल. सी. वा सोभन्दा माथिल्लो स्तरको शैक्षिक प्रमाणपत्रमा नाम खुलेको प्रमाणित कागजात र विद्यालयको चारित्रिक प्रमाणपत्र ।<br>(ख) स्थानीय निकायबाट दुवै व्यक्ति एउटै हो भनी उल्लेख भएको कम्तीमा ५ जना नेपाली नागरिकता व्यक्तिको सर्जमिन मुचुल्का सहित सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।<br>**ग) जन्म स्थान सच्याउनु परेमा**<br><br>(१) विदेशमा जन्मिएको बच्चाको जन्मस्थान सच्याउनु परेमा उक्त देशको अस्पतालमा बच्चा जन्मिएको प्रमाणपत्र वा कागजात (प्रमाणपत्र अँग्रेजीमा नभएमा सो देशमा रहेको नेपाली नियोगबाट बच्चा सो देशमा जन्मिएको भनी प्रमाणित गरिएको कागजात) वा<br>(२) उक्त देशमा बच्चाको जन्म दर्ता गरिएको प्रमाणपत्र (सम्बन्धित देशमा जन्म दर्ता गरेको भएमा उक्त प्रमाणपत्रको नेपाली नियोगबाट प्रमाणित नेपाली वा अङग्रेजी भावानुवाद) । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **मृत्यु दर्तामा संशोधनको लागि**<br><br>**क) नाम संशोधन**<br>(१) बाबु बाजे वा पति/पत्नी नाम संशोधन गर्नुपर्ने भएमा नाता खुल्ने नागरिकता प्रमाणपत्र आधिकारिकता खुल्ने अन्य प्रमाणपत्र जस्तै जग्गाधनी प्रमाणपूर्जा आदि ।<br>(२) खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय निकायको प्रतिनिधिको रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिनमा बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र<br>(३) निवृत्तभरण प्रयोजनको लागि भएमा पेन्सन विवरणमा उल्लेख भएको पारिवारिक विवरण ।<br><br>**ख) मृत्यु मिति सच्याउने सम्बन्धमा**<br><br>(१) अस्पतालबाट जारी मृत्यु मिति उल्लेख भएको मृत्यु प्रमाणपत्र वा सरकारी निकायबाट मृत्यु मिति प्रमाणित गरिएको सिफारिश<br>(२) स्थानीय निकायको प्रतिनिधीको रोहवरमा गरिएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |
| | | **विवाह दर्ता प्रमाणपत्रमा संशोधन सम्बन्धमा**<br><br>क) दुलाहा-दुलहीको नाम संशोधन सम्बन्धमा<br>- विवाह दर्ता प्रमाणपत्रमा भएको नाम र संशोधन गर्नुपर्ने नाम एकै व्यक्तिको हो भन्ने आधिकारिक कागजात वा कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र र सम्बन्धित निकायले संशोधन गर्न उचित हो भनी गरेको सिफारिसपत्र ।<br>- दुलाहा-दुलहीको बाबु, बाजेको नाम संशोधन गर्न नाता खुलेको आधिकारिक प्रमाणपत्र वा स्थानीय निकायको रोहवरमा गरिएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br><br>ख) विवाह मिति सच्याउने सम्बन्धमा<br>-विवाह मिति सच्याउने आधिकारिक कागजात, विवाह मिति फरक परेकोमा संशोधन गर्नुपर्ने कारण र विवाह मिति उल्लिखित भएको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्रको प्रतिलिपी | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |
| | | **बसाइसराईं सम्बन्धी (बसाइसराईको उमेर संशोधन सम्बन्धमा)**<br><br>(१) संशोधन गर्न आधिकारिकता खुलेको नागरिकता,<br>(२) एस.एल.सी. वा सो भन्दा माथिका शैक्षिक प्रमाणपत्रहरू,<br>(३) व्यक्ति फरक परेमा एकै व्यक्ति हो भन्ने सरकारी निकायबाट प्रमाणित कागजात वा | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (४) स्थानीय निकायका प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र ।<br>(५) मिति फरक परेमा आधिकारिकता खुलेको कागजात तथा स्थानीय निकायको सर्जमिन मुचुल्का । | | | |
| | | **सम्बन्ध विच्छेद**<br><br>(१) अदालतबाट भएको सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी<br>(२) नाता, जन्म खुलेका नागरिकता, नाता प्रमाणित वा अन्य कागजात<br>(३) स्थायी ठेगानाको सम्बन्धमा नागरिकता प्रमाणपत्रमा उल्लेख भएको ठेगाना वा बसाइसराई गरी आएको प्रमाणपत्र<br>(४) स्थानीय निकायका प्रतिनिधिको रोहवरमा भएको कम्तीमा ५ जनाको सर्जमिन मुचुल्का र सर्जमिन बस्नेको प्रमाणित नागरिकता प्रमाणपत्र । | उल्लिखित कागजात पेश गरेको मितिले ३ दिन भित्र | -शाखाका शाखा अधिकृत<br>-डेमोग्राफर | पजिञ्काधिकारी (रजिष्ट्रार) |
| २ | घटना दर्ताका विवरण सच्याउन कसले निवेदन दिने | **जन्म दर्ता**<br><br>(१) जन्म दर्ता गर्दाको सूचक वा<br>(२) क्र.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा बाबु-आमा, बाजे वा परिवारको मुख्य व्यक्ति वा<br>(३) क्र.सं. (१) र (२) मा उल्लेखित व्यक्तिहरू नभएको अवस्थामा बालिग व्यक्ति स्वयंले ।<br><br>**मृत्यु दर्ता**<br><br>(१) मृत्यु दर्ता गर्दाको सूचक वा<br>(२) क्र.सं. (१) मा उल्लेखित व्यक्तिको अनुपस्थितिमा मृत्यु भएको व्यक्तिको पति वा पत्नी वा उमेर पुगेको छोरा वा अविवाहित छोरी वा बाबु आमा वा सरोकारवाला परिवारको सदस्य वा विवाहित छोरी<br><br>**विवाह दर्ता**<br><br>(१) पति र पत्नी दुवैले<br>(२) पति  वा पत्नी मध्ये एक मात्र जीवित भएमा पति वा पत्नीले<br><br>**सम्बन्ध विच्छेद**<br><br>सम्बन्ध विच्छेद गर्दाको सूचक वा पति वा पत्नी मध्ये कुनै एक जना ।<br><br>**बसाइसराई**<br><br>बसाइसराई गर्दाको सूचक वा निजको अनुपस्थितिमा बसाईसराईमा उल्लिखित भएको उमेर पुगेको व्यक्तिले । | | | |